मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)

वागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

मिति : २०७७।०१।२४
Date :

प.सं. (Ref.) : २०७६।७७
च.नं. (Dispatch no.) : ९५६५

विषय : पशूपालन गर्ने युवा छनौट गरि पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
मकवानपुरगढी गाउँपालिका

प्रस्तुत विषयमा कृषि तथा पशूपालन मार्फत गाउँपालिकाको समृद्धिको आधार तय गर्ने नीतिलाई सार्थक तुल्याउन तथा गाउँका युवाहरुलाई गाउँमै कृषि तथा पशूपालन गर्ने, स्वदेशमै स्वरोजगारी तथा आत्मनिर्भर हुने वातावरण तय गरी वैदेशिक रोजगारी प्रतिको आकर्षणलाई न्युनिकरण गर्दै जाने उद्देश्य रहेकोले वैदेशिक रोजगारीबाट फर्किएका वा जाने मानसिकता बनाएका युवाहरुलाई गाउँमै गाई, भैंसि तथा बाखापालन गरेमा प्राप्त बिल भरपाईका आधारमा निश्चित रकम अनुदान दिने कार्यक्रम रहेकोले तपसिल बमोजिमको शर्तहरु पूरा गरी इच्छुक युवाहरुको विवरण आगामी जेठ ५ गते भित्र यस गाउँपालिकामा उपलब्ध गराउनुहुन यस गाउँपालिकाको मिति २०७७ बैशाख १६ को कार्यपालिकाको निर्णयानुसार अनुरोध छ।

तपसिल

१. प्रत्येक वडा कार्यालयले वैदेशिक रोजगारीबाट फर्किएका तथा रोजगारीका लागि विदेश जाने मानसिकता बनाएका १०/१० जना युवा छनौट गर्नुपर्नेछ ।
२. युवाहरु छनौट गर्दा विपन्न युवाहरुलाई प्राथमिकतामा राख्नुपर्नेछ ।
३. वडा कार्यालयले पशूपालन गर्न चाहने उल्लेखित युवाहरुको **निवेदनको** साथमा निम्नानुसारका कागजातहरु माग गर्नुपर्नेछ ।
   - राहदानि/भिजा/टिकटको प्रतिलिपि
   - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
   - जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) को प्रतिलिपि
   - पशू बिमा गरेको प्रमाणपत्रको प्रतिलिपि
   - पशूधन खरिद गर्दाको बिल भरपाई तथा प्रमाण
   - पशूधनको फोटो
४. प्रत्येक वडा कार्यालयले उल्लेखित कागजात सहित वैदेशिक रोजगारीबाट फर्किएको वा विदेश जान चाहेको प्रमाणित सहित प्राप्त विवरण उल्लेखित अवधिभित्र गाउँपालिकामा पठाइसक्नुपर्नेछ ।

**नोट : प्राप्त निवेदनउपर आवश्यक छलफल तथा मुल्यांकन गरी स्विकृती प्राप्त निवेदकसँग गाउँपालिका पशू शाखाबाट सम्झौता गरिनेछ र सम्झौता पश्चात् खरिद गरिएका पशूधनको बिलभरपाईको आधारमा रु. ५० हजार नबढ्ने गरी अनुदान रकम उपलब्ध गराइनेछ ।**

..............................
(रामकुमार प्रधानसेनी)
प्रमुख प्रशासकिय अधिकृत

कार्यार्थ:
श्री पशू तथा मर्त्यविकास शाखा : वडाबाट प्राप्त विवरण संकलन गरी मुल्यांकनका लागि पेश गर्ने ।
श्री सूचना प्रविधि शाखा : वेवसाइटमा राख्ने ।